# सूचनाको हक सम्वन्धी ऐन २०६४ को दफा ५ (३) र नियमावलीको नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

**सूचना सार्वजनिक गरेको अवधि**

**२०८० श्रावण देखि २०८० असोज सम्म**

**गण्डकी प्रदेश सरकार**

**सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय**

**पोखरा, कास्की, नेपाल**

## १. निकायको स्वरुप र प्रकृति

नेपालको संविधान २०७२ को कार्यान्वयन पश्चात नेपाल एकात्मक राज्यप्रणालीको परम्परागत स्वरुपबाट परिमार्जित भई संघीय लोकतान्त्रिक राज्यमा रुपान्तरण हुन पुगेको छ। र वर्तमान संविधानले देशलाई संघीय शासन प्रणालीमा रुपान्तरण गरी संघ, प्रदेश र स्थानिय सरकारको ब्यवस्था गरेको छ । सहकार्य, सह अस्तित्व र समन्वयमा आधारित सिद्धान्तले संविधानको प्रस्तावनाले परिलक्षित गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यम द्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धि प्राप्तिको दिगोपनाको सवल आधार स्तम्भको रुपमा परिकल्पना गरेको छ गण्डकी प्रदेश सरकारले प्रदेश सरकार मातहत रहने गरि विभिन्न मन्त्रालयहरुको स्थापना गर्ने क्रममा २०७९ माघ ०९ गते सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयको स्थापना भएको हो ।

## २. मन्त्रालयको संगठन संरचना :

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको संगठन संरचना देहाय बमोजिम रहेको छ ।

## अनुसूचि १.७

# सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशको प्रस्तावित संगठन संरचना

| | | |
|---|---|---|
| साविकमा, | | |
| (१) शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा समाजिक विकास मन्त्रालयको दरबन्दी | : | ३४ |
| (२) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मन्त्रालयको दरबन्दी | : | ३३ |
| (३) युवा तथा खेलकुद मन्त्रायको दरबन्दी | : | २४ |
| साविकको कुल जम्मा दरबन्दी | : | ९१ |
| हाल कायम, | | |
| (४) घट दरबन्दी | : | ९ |
| (५) खुद कायम दरबन्दी | : | ८२ |

## मन्त्री

**निजी सचिवालय**
अधिकृत, (सातौं/आठौं) (प्र./सा.प्र.) – १

## सचिव [सामाजिक विकास]
प्रशासन सेवा (सा.प्र., रा.प.प्रथम) - १

**निजी सचिवालय**
सहायक/अधिकृत, (५/६)(प्र./सा.प्र.) – १

### प्रशासन तथा योजना महाशाखा
अधिकृत, (नवौं/दशौं) (प्र./सा.प्र.) - १

**प्रशासन, योजना तथा अनुगमन शाखा**
- (क) अधिकृत, (सातौं/आठौं) (प्र./सा.प्र.)-१
- (ख) सहायक/अधिकृत, (पाचौं/छैठौं) (प्र./सा.प्र.) -१
- (ग) सहायक/अधिकृत, (पाचौं/छैठौं) (कम्प्युटर)-१
- (घ) सहायक, (चौथो/पाचौं) (प्र./सा.प्र.) -१
- (ङ) ह.स.चा., श्रेणीविहिन – ९
- (च) का.स., श्रेणीविहिन – ९

**आर्थिक प्रशासन शाखा**
- (क) लेखा अधिकृत, (सातौं/आठौं) (प्र./लेखा) – १
- (ख) सह-लेखापाल, (चौथो/पाचौं) (प्र./लेखा) – १

**कानून तथा फैसला कार्यान्वयन शाखा**
- (क) कानून अधिकृत, (सातौं/आठौं) (न्याय/कानून) – १

**श्रम तथा रोजगार शाखा**
- (क) अधिकृत, (सातौं/आठौं) (प्र./सा.प्र.)–१

### शैक्षिक योजना तथा विज्ञान प्रविधि महाशाखा
अधिकृत, (नवौं/दशौं) (शिक्षा/शि.प्र.) - १

**शैक्षिक योजना तथा तथ्याङ्क शाखा**
- (क) अधिकृत, (सातौं/ आठौं) (शिक्षा/शि.प्र.) – १
- (ख) प्रा.स., (पाचौं/छैठौं) (शिक्षा./शि.प्र.) - १

**विज्ञान प्रविधि र प्राविधिक तथा व्यवसायिक शिक्षा शाखा**
- (क) अधिकृत, (सातौं/आठौं) (शिक्षा/शि.प्र.) – १
- (ख) प्रा.स., (पाचौं/छैठौं) (शिक्षा./शि.प्र.) - १

### उच्च शिक्षा तथा संस्कृति महाशाखा
अधिकृत, (नवौं/दशौं) (शिक्षा/शि.प्र.) - १

**उच्च शिक्षा तथा शैक्षिक गुणस्तर शाखा**
- (क) अधिकृत, (सातौं/आठौं) (शिक्षा/शि.प्र.) – १
- (ख) प्रा.स.,(पाचौं/छैठौं) (शि/शि.प्र.)-१

**भाषा, संस्कृति र पुरातत्व संरक्षण शाखा**
- (क) पुरातत्व अधिकृत, (सातौं/आठौं) (शिक्षा/पुरातत्व) – १

### युवा तथा खेलकुद महाशाखा
अधिकृत, (नवौं/दशौं) (शिक्षा/शि.प्र.) - १

**युवा शाखा**
- (क) अधिकृत (सातौं/आठौं) (शिक्षा/शि.प्र.) – १
- (ख) प्रा.स., (पाचौं/छैठौं) – (शि/शि.प्र.) १

**खेलकुद शाखा**
- (क) अधिकृत (सातौं/ आठौं) (शिक्षा/शि.प्र.) – १
- (ख) सिभिल इन्जिनियर (सातौं/ आठौं) (ई./सि.) - १
- (ग) प्रा.स., (पाचौं/छैठौं) - /शि.प्र.) १

### सामाजिक विकास महाशाखा
प्रमुख महिला विकास अधिकृत, (नवौं/दशौं) (विविध) - १

**लैङ्गिक सशक्तिकरण तथा मूल प्रवाहीकरण शाखा**
- (क) म.वि.अ., (सातौं/ आठौं) (विविध) – १
- (ख) म.वि.नि., (पाचौं/छैठौं) (विविध) - १

**बाल अधिकार तथा सामाजिक न्याय शाखा**
- (क) म.वि.अ., (सातौं/ आठौं) (विविध) – १
- (ख) म.वि.नि., (पाचौं/छैठौं) (विविध) - १

**सामाजिक विकास अन्तर्गत रहने निकायहरु:**

| | | |
|---|---|---|
| (१) शिक्षा विकास निर्देशनालय, गण्डकी प्रदेश | : | १ |
| (२) शिक्षा तालिम केन्द्र, तनहुँ | : | १ |
| (३) प्रदेश संग्राहलय, गण्डकी प्रदेश | : | १ |
| (४) व्यावसायिक तथा सिप विकास तालिम केन्द्र, कास्की र पर्वत | : | २ |
| (५) रोजगार सूचना केन्द्र, गण्डकी प्रदेश | : | १ |
| (६) जिल्ला स्थित समाजिक विकास कार्यालयहरु ११ वटै, गण्डकी प्रदेश | : | ११ |
| कुल जम्मा | : | १७ |

**पुनश्च :**
गण्डकी विश्वविद्यालय, गण्डकी प्राविधिक प्रतिष्ठान, विज्ञान प्रविधि प्रतिष्ठान, प्रज्ञा प्रतिष्ठान र खेलकुद परिषद्को विषयगत मन्त्रालयको रुपमा सामाजिक विकास रहनेछ।

## सचिव [स्वास्थ्य]
स्वास्थ्य सेवा (स्वास्थ्य, ११ औं तह) - १

**निजी सचिवालय**
सहायक/अधिकृत, (५/६) (प्र./सा.प्र.)-१

### प्रशासन महाशाखा
अधिकृत, (नवौं/दशौं) (प्र./सा.प्र.) - १

**प्रशासन शाखा**
- (क) अधिकृत, (सातौं/आठौं) (प्र./सा.प्र.)-१
- (ख) सहायक/अधिकृत (पाँचौं/छैटौं) (प्र./सा.प्र.)-१
- (ग) सहायक/अधिकृत, (पाचौं/छैठौं) (कम्प्युटर)-१
- (घ) ह.स.चा., श्रेणीविहिन – ५
- (ङ) का.स. , श्रेणीविहिन – ५

**आर्थिक प्रशासन शाखा**
- (क) लेखा अधिकृत, (सातौं/आठौं) (प्र./लेखा) – १

**कानून तथा फैसला कार्यान्वयन शाखा**
- (क) कानून अधिकृत, (सातौं/आठौं) (न्याय/कानन) – १

### नीति, योजना तथा जनस्वास्थ्य महाशाखा
वरिष्ठ/जनस्वास्थ्य प्रशासक, (नवौं/दशौं) (स्वा./हे.ई./)- १

**योजना, समन्वय तथा जनसंख्या शाखा**
- (क) व./जनस्वास्थ्य अधिकृत, (सातौं/आठौं) (स्वा./हे.ई.) – १
- (ख) तथ्यांक अधिकृत, (सातौं/आठौं) (आ.यो.त.त./त.) -१
- (ग) सहायक/अधिकृत, (पाचौं/छैठौं) (कम्प्युटर)-१

**परिवार कल्याण तथा पब्लिक हेल्थ सर्भिलेन्स शाखा**
- (क) व./जनस्वास्थ्य अधिकृत, (सातौं/आठौं) (स्वा./हे.ई.) – १
- (ख) व./कम्युनिटि नर्सिङ अधिकृत, (सातौं/आठौं) (स्वा./क.नर्सिङ) – १
- (ग) व./मे.रे.सु., (५/६/७) (स्वा./मे.रे.)-१

### चिकित्सा सेवा महाशाखा
वरिष्ठ/स्वास्थ्य प्रशासक, (नवौं/दशौं) (स्वा./प.हे.ए.)-१

**गुणस्तर, नियमन, रोग नियन्त्रण तथा नर्सिङ शाखा**
- (क) मेडिकल अधिकृत, (आठौं) (स्वा./जु.हे.स.) – १
- (ख) व./नर्सिङ अधिकृत (सातौं/आठौं) (स्वा./व.नर्सिङ) – १
- (ग) व./फार्मेसी अधिकृत, (सातौं/आठौं) (स्वा./फार्मेसी) – १

**आयुर्वेद तथा वैकल्पिक चिकित्सा शाखा**
- (क) आयुर्वेद चिकित्सक, (आठौं) (स्वा./आयुर्वेद) – १

### स्वास्थ्य शिक्षा तथा सुचना महाशाखा
वरिष्ठ/स्वास्थ्य शिक्षा प्रशासक, (नवौं/दशौं) (स्वा./हे.ए./) - १

**स्वास्थ्य प्रवर्द्धन तथा सुचना शाखा**
- (क) व./स्वास्थ्य शिक्षा अधिकृत, (सातौं/आठौं) (स्वा./हे.ए.) – १

**स्वास्थ्य अन्तर्गत रहने निकायहरु:**

| | | |
|---|---|---|
| (१) स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेश | : | १ |
| (२) प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, गण्डकी प्रदेश | : | १ |
| (३) स्वास्थ्य तालिम केन्द्र, गण्डकी प्रदेश | : | १ |
| (४) प्रदेश जनस्वास्थ्य प्रयोगशाला, गण्डकी प्रदेश | : | १ |
| (५) क्षयरोग उपचार केन्द्र, गण्डकी प्रदेश | : | १ |
| (६) संक्रामक तथा सरुवा रोग अस्पताल, गण्डकी प्रदेश | : | १ |
| (७) जिल्ला स्थित अस्पतालहरु ११ वटै, गण्डकी प्रदेश | : | ११ |
| (८) जिल्ला स्थित स्वास्थ्य कार्यालयहरु ११ वटै, गण्डकी प्रदेश | : | ११ |
| (९) जिल्ला स्थित आयुर्वेद कार्यालयहरु ११ वटै, गण्डकी प्रदेश | : | ११ |
| कुल जम्मा | : | ३९ |

कुल जम्मा ५६ वटा निकाय

नोट : हलुका सवारी चालक र कार्यालय सहयोगी करार सेवाबाट पदपूर्ति गर्नु पर्नेछ।

## दरवन्दी तेरिज

| क.सं | पद | तह/श्रेणी | सेवा | समुह | साविक स्वीकृत दरवन्दी | | | | नयाँ प्रस्तावित | थप/घट | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | शिक्षा | स्वास्थ्य | युवा | जम्मा | | | |
| १ | प्रदेश सचिव | रा.प.प्रथम | प्रशासन | सा.प्र. | १ | | १ | २ | १ | -१ | |
| २ | प्रदेश सचिव | एघारौं | स्वास्थ्य | - | | १ | | १ | १ | ० | |
| ३ | अधिकृत | नवौं / दशौं | प्रशासन | सा.प्र. | १ | १ | १ | ३ | २ | -१ | |
| ४ | अधिकृत | नवौं / दशौं | शिक्षा | शिक्षा प्रशासन | २ | | १ | ३ | ३ | ० | |
| ५ | प्रमुख महिला विकास अधिकृत | नवौं / दशौं | विविध | - | १ | | | १ | १ | ० | |
| ६ | बरिष्ठ/जनस्वास्थ्य प्रशासक | नवौं / दशौं | स्वास्थ्य | हे.ई. | | १ | | १ | १ | ० | |
| ७ | बरिष्ठ/स्वास्थ्य प्रशासक | नवौं / दशौं | स्वास्थ्य | प.हे.ए. | | १ | | १ | १ | ० | |
| ८ | बरिष्ठ/स्वास्थ्य शिक्षा प्रशासक | नवौं / दशौं | स्वास्थ्य | हे.ए. | | १ | | १ | १ | ० | |
| ९ | मेडिकल अधिकृत | आठौं | स्वास्थ्य | ज.हे.स. | | १ | | १ | १ | ० | |
| १० | आयुर्वेद चिकित्सक | आठौं | स्वास्थ्य | आयुर्वेद | | १ | | १ | १ | ० | |
| ११ | अधिकृत | सातौं / आठौं | प्रशासन | सा.प्र. | ३ | २ | २ | ७ | ४ | -३ | |
| १२ | लेखा अधिकृत | सातौं / आठौं | प्रशासन | लेखा | १ | १ | १ | ३ | २ | -१ | |
| १३ | कानून अधिकृत | सातौं / आठौं | न्याय | कानून | १ | १ | १ | ३ | २ | -१ | |
| १४ | अधिकृत | सातौं / आठौं | शिक्षा | शिक्षा प्रशासन | ३ | | २ | ५ | ५ | ० | |
| १५ | अधिकृत | सातौं / आठौं | शिक्षा | पुरातत्व | १ | | | १ | १ | ० | |
| १६ | महिला विकास अधिकृत | सातौं / आठौं | विविध | - | २ | | | २ | २ | ० | |
| १७ | बरिष्ठ/जनस्वास्थ्य अधिकृत | सातौं / आठौं | स्वास्थ्य | हे.ई. | | २ | | २ | २ | ० | |
| १८ | बरिष्ठ / स्वास्थ्य शिक्षा अधिकृत | सातौं / आठौं | स्वास्थ्य | हे.ए. | | १ | | १ | १ | ० | |
| १९ | बरिष्ठ / फार्मेसी अधिकृत | सातौं / आठौं | स्वास्थ्य | फार्मेसी | | १ | | १ | १ | ० | |
| २० | बरिष्ठ / कम्युनिटि नर्सिङ अधिकृत | सातौं / आठौं | स्वास्थ्य | क.न. | | १ | | १ | १ | ० | |
| २१ | बरिष्ठ / अस्पताल नर्सिङ अधिकृत | सातौं / आठौं | स्वास्थ्य | अ.न. | | १ | | १ | १ | ० | |
| २२ | तथ्याङ्क अधिकृत | सातौं / आठौं | आ.यो.तथा त. | तथ्याङ्क | | १ | | १ | १ | ० | |
| २३ | इन्जिनियर | सातौं / आठौं | इन्जिनियरिङ्ग | सिभिल | | | १ | १ | १ | ० | |
| २४ | सहायक / अधिकृत | पाचौं / छैटौं | प्रशासन | सा.प्र. | २ | २ | २ | ६ | ४ | -२ | |
| २५ | सहायक / अधिकृत (कम्प्युटर) | पाचौं / छैटौं | विविध | - | १ | १ | १ | ३ | ३ | ० | |
| २६ | प्राविधिक सहायक | पाचौं / छैटौं | शिक्षा | शिक्षा प्रशासन | २ | | २ | ४ | ४ | ० | |
| २७ | महिला विकास निरिक्षक | पाचौं / छैटौं | विविध | - | २ | | | २ | २ | ० | |
| २८ | मेडिकल रेकर्डर सुपरभाइजर | पाचौं / छैठौं / सातौं | स्वास्थ्य | मे.रे. | | १ | | १ | १ | ० | |
| २९ | सहायक | चौथो / पाचौं | प्रशासन | सा.प्र. | १ | १ | १ | ३ | २ | -१ | |
| ३० | सह-लेखापाल | चौथो / पाचौं | प्रशासन | लेखा | | | | ० | १ | १ | |
| ३१ | हलुका सवारी चालक | श्रेणी विहीन | इन्जिनियरिङ्ग | मेकानिकल | ५ | ५ | ४ | १४ | १४ | ० | |
| ३२ | कार्यालय सहयोगी | श्रेणी विहीन | प्रशासन | सा.प्र. | ५ | ५ | ४ | १४ | १४ | ० | |
| | जम्मा | | | | ३४ | ३३ | २४ | ९१ | ८२ | -९ | |

सचिव

३. निकायको काम कर्तव्य र अधिकार :

## स्वास्थ्य तर्फ

सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयको स्थापना पश्चात प्रदेश सरकारको कार्यविभाजन नियमावलीले मन्त्रालयको स्वास्थ्य तर्फ तोकेको कार्यक्षेत्रका नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्न जिम्मेवारी प्रत्यायोजन हुने देखिन्छ। मन्त्रालयको कामकारबाहीलाई सक्षम, कुशल, प्रभावकारी, व्यवसायिक र प्रतिस्पर्धी बनाउन उपयुक्त प्रकारको संगठन संरचना, जनशक्ति, स्रोत साधन एवम् सेवा, समूह, उपसमूहको प्रबन्ध मिलाउन पर्ने भएकोले मन्त्रालयको आवश्यकता र सरकारको क्षमता समेतका आधारमा मन्त्रालयमा देहाय बमोजिमका महाशाखा तथा शाखाहरु रहने गरी कार्य सञ्चालन गर्न आवश्यक देखिन्छ ।

### (क) प्रशासन महाशाखाः

यस महाशाखाका मुख्य कार्य क्षेत्रहरुमा प्रशासन तथा योजना, कर्मचारी प्रशासन, आर्थिक प्रशासन, भण्डार तथा सम्पति व्यवस्थापन, कानुन तथा फैसला कार्यान्वयन आदी कार्यक्रम सञ्चालन पर्दछन । आँफु मातहतका शाखाहरुवाट सम्पादन हुने कार्यहरु योजनावद्ध, व्यवस्थित र समन्वयात्मक तरिकाले सम्पादन गरी गुणस्तरीय प्रतिफल प्राप्त गर्नु महाशाखाको मुल लक्ष्य हो । यस महाशाखावाट सम्पादन हुने कार्यहरु निम्न वमोजिम छन्।



सचिव

१. कर्मचारीको नियुक्ति, बढुवा, सरूवा तथा विभागिय कारवाही सम्बन्धी कार्य
२. कानुन निर्माण तथा अदालती जवाफी तथा फैसला कार्यान्वयन सम्बन्धी कार्य
३. योजना अनुगमन, मुल्यांकन र नियमन सम्बन्धी कार्य
४. सूचना प्रविधि सम्बन्धी कार्य
५. आर्थिक प्रशासन सम्बन्धी कार्य ।

**१. प्रशासन शाखा**

१. मन्त्रालय अन्तर्गतका कर्मचारीहरूको नियुक्ति ।
२. मन्त्रालय अन्तर्गतका कर्मचारीहरूको सरूवा तथा बढुवा
३. मन्त्रालय अन्तर्गतका कर्मचारीहरूको विभागिय कारवाही ।
४. मन्त्रालय अन्तर्गतका कर्मचारीहरूको कार्य सम्पादन मूल्यांकन तथा रेकर्ड सम्बन्धी कार्य।
५. मन्त्रालयका कार्यक्रमहरूको योजना तर्जुमा ,अनुगमन तथा मूल्यांकन सम्वन्धी कार्य।
६. मन्त्रालयको स्टोर, सरकारी सम्पतिको संरक्षण तथा सवारी सम्बन्धी कार्य
७. माननीय मन्त्रीज्यूको सचिवालय सम्बन्धी कार्य
८. सूचना तथा प्रविधिको विकास सम्बन्धी कार्य
९. दर्ता चलानी र अन्य शाखालाई नतोकिएका भैपरी आउने कार्य।

**२. आर्थिक प्रशासन शाखा**

१. मन्त्रालयको वार्षिक वजेट बजेट तयार गर्ने,
२. मन्त्रालय सम्वद्ध तथा मातहतका निकायहरुलाई प्रदान गरिने साधारण तथा विकास वजेट निकासा तथा अन्तर निकाय समन्वय सम्वन्धी कार्य गर्ने,
३. प्रशासन शाखाको सहयोग लिइ कर्मचारीको तलवी प्रतिवेदन पारित गरी तलब भत्ता उपलब्ध गराउने,
४. बजेट निकासा, खर्च तथा लेखा नियन्त्रण सम्बन्धी कार्य
५. खर्चको श्रेश्ता राखि लेखापरीक्षण, बेरुजु फछ्र्यौटसम्परीक्षण गर्ने गराउने,
६. विनियोजित वजेटको अधिनमा रहि अधिकार प्राप्त अधिकारीको स्वीकृतीमा खर्च गर्ने,
७. भए गरेका खर्चको अभिलेखिकरण गर्ने,
८. आर्थिक प्रशासन शाखासंग सम्वन्धित अन्य कार्यहरु गर्ने ।

**३. कानून तथा फैसला कार्यान्वयन शाखा**

१. मन्त्रालयको कार्यक्षेत्र भित्र पर्ने विषयमा एन नियमको मश्यौदा तयार गर्ने
२. मन्त्रालयसँग सम्बन्धित पर्न आएका मुद्धा मामिलाहरु सम्बन्धी आवश्यक कार्य गर्ने,
३. मन्त्रालयका सवै शाखा महाशाखाहरुलाई कानुनी राय परामर्श दिने
४. मन्त्रालयका सूचनाहरु राजपत्रमा प्रकाशन गर्ने व्यवस्था मिलाउने,
५. मन्त्रालयका सवै शाखासंग समन्वय गरी नागरिक वडापत्रको व्यवस्थापन गर्ने,
६. कानून तथा फैसलासंग सम्वन्धित अन्य कार्यहरु

**(ख) नीति, योजना तथा जनस्वास्थ्य महाशाखा**

यस महाशाखाबाट सम्पादन गरिने मुख्य कार्यहरुमा नीति, कानून, मापदण्ड, योजना तथा जनस्वास्थ्य सेवासँग सम्वन्धित कार्यहरु पर्दछन । आफनो महाशाखाबाट सम्पादन हुने कार्यहरु योजनाबद्ध, व्यवस्थित र समन्वयात्मक तरिकाले सम्पादन गरी गुणस्तरिय प्रतिफल प्राप्त गर्नु महाशाखाको मुल लक्ष्य रहन्छ । यस महाशाखा अन्तर्गतका कार्यहरु तल प्रस्तुत गरिएको छ ।

१. प्रादेशिक स्वास्थ्य सेवा ऐन, कानून, मापदण्ड, नीति बनाइ लागु गर्ने ।
२. स्वास्थ्य सेवा सम्वन्धी प्रादेशिक अल्पकालिन तथा दीर्घकालीन नीति तर्जुमा गर्ने ।
३. खोप, पोषण, नवशिशु तथा बालरोगको एकीकृत व्यवस्थापन, सुरक्षित मातृत्व, परिवार नियोजन, गाउँघर क्लिनिक, म.से.स्वं.स्वा., स्वास्थ्य प्रबर्द्धन जस्ता जनस्वास्थ्य सेवासम्बन्धी प्रदेशस्तरीय नीति, रणनीति, योजना, वार्षिक बजेट, निर्देशिका, प्रोटोकल आदि तयार गर्ने ।
४. खोप, पोषण, नवशिशु तथा बालरोगको एकीकृत व्यवस्थापन, परिवार नियोजन, सुरक्षित मातृत्व, गाउँघर क्लिनिक, म.से.स्वं.स्वा., स्वास्थ्य प्रबर्द्धन जस्ता जनस्वास्थ्य सेवाको व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन गर्ने ।
५. प्रदेशस्तरीय आवधिक तथा बार्षिक आयोजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने ।
६. राष्ट्रिय नीति तथा रणनीति अनुसार स्वास्थ्य सम्वन्धी कार्यक्रमहरु प्रदेश तथा स्थानीयस्तरमा कार्यान्वयन गर्न सहजिकरण गर्ने ।
७. राष्ट्रिय मापदण्ड बमोजिम प्रदेशस्तरमा स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली सम्वन्धी नीति, नियम, निर्देशिका, मापदण्ड तथा प्रोटोकलहरु निर्माण गर्ने । एकीकृत सूचना व्यवस्थापन प्रणालीको स्थापना र सञ्चालन गर्ने ।
८. राष्ट्रिय मापदण्ड बमोजिम स्वास्थ्य सम्वन्धी प्रादेशिक नीति, रणनीति, निर्देशिका, मापदण्ड प्रोटोकलहरु तयार गर्ने। प्रदेशस्तरमा आवश्यक पर्ने स्वास्थ्य सेवाको प्रबर्द्धनात्मक, प्रतिकारात्मक सेवाको व्यवस्थापन।
९. पोषण सम्वन्धी प्रादेशिक नीति तथा कानून निर्माणमा सहयोग गर्ने, गुणस्तर मापदण्ड, योजना, कार्यान्वयन र नियमन गर्ने।
१०. खोपबाट रोकथाम गर्न सकिने रोगहरूको खोजपड्ताल तथा निगरानी (Vaccine Preventable Disease Surveillance) गर्ने ।
११. जनसंख्या व्यवस्थापन सम्बन्धी प्रादेशिक नीति, कानुन तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन गर्ने।
१२. सूर्ति, मदिरा र लागूपदार्थजन्य वस्तुको मापदण्ड, नियन्त्रण तथा नियमन गर्ने ।
१३. व्यवहार परिवर्तन सञ्चार सम्वन्धि प्रादेशिक नीति, रणनीति, मार्गदर्शन निर्माण तथा कार्यान्वयन गर्ने।
१४. नसर्ने रोगको वृद्धिदर घटाउनमा लागि स्वस्थकर आहारविहार, तनावबाट मुक्ति तथा स्वस्थकर जीवनशैली अपनाउन प्रेरित गर्ने कार्यक्रमहरुको निर्माण तथा कार्यान्वयन गर्ने।
१५. Health Promoting Home, Village, School & Working Place, Food Hygiene, water quality सम्बन्धी नीति, रणनीति, मार्गदर्शन तथा कार्यक्रम निर्माण, कार्यान्वयन तथा नियमन गर्ने।
१६. वतावरणीय तथा व्यवसायजन्य स्वास्थ्य (Occupational health) सम्बन्धी नीति, रणनीति, मार्गदर्शन तथा कार्यक्रम निर्माण, कार्यान्वयन तथा नियमन गर्ने।
१७. प्रदेश स्तरको स्वास्थ्य सम्बन्धी तालिमको नीति, निर्देशिका निर्माण गर्ने।



सचिव

१८.जनस्वस्थ्य कार्यक्रमको विस्तार र गुणस्तर अभिवृद्धिका लागि स्वास्थ्य संस्था र जनशक्तिको क्षमता अभिवृद्धि गर्ने।

१९. अनुगमन, मुल्याकंन तथा नियमन गर्ने।

२०.स्थानिय निकायहरुसँग समन्वय गर्ने।

२१. औषधी व्यवस्थासम्बन्धी विद्यमान नीति र मापदण्डअनुरूप गुणस्तर मापन र नियमन गर्ने।

२२. आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवासम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन गर्ने।

२३. इपिडिमियोलोजी तथा महामारी नियन्त्रणसम्बन्धी प्रादेशिक नीति, रणनीति, निर्देशिका, प्रोटोकल आदि तयार गर्ने।

२४. जेसी सम्वन्धी क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने।

२५.जेसीको सम्पर्क शाखाको रुपमा काम गर्ने।

२६. जनस्वास्थ्य सेवासंग सम्वन्धीत अन्य कार्यहरु गर्ने।

**१. योजना, समन्वय तथा जनसंख्या शाखा :**

१. मन्त्रालय एवं अन्तर्गतका निकायको लागि आवधिक योजना तथा वार्षिक बजेट र कार्यक्रम सम्वन्धी कार्य,

२. संघ, प्रदेश र स्थानीय तहबीचको योजना प्रणालीबीच समन्वय र तादाम्यता सम्बन्धी कार्य,

३. प्रादेशिक तथा स्थानीय तहको आवधिक योजना तथा बजेट, मध्यकालिन खर्च संरचना तथा रणनीतिक योजना तर्जुमा सम्बन्धी कार्य,

४. स्थानीय पूर्वाधार विकास सम्बन्धी नीति, कानून, मापदण्ड, प्रविधि विकास र अनुसन्धान सम्बन्धी कार्य,

५. दिगो विकास लक्ष्य) Sustainable Development Goals) हाँसिल गर्ने सम्बन्धमा स्थानीय तहलाई सहयोग र समन्वय,

६. स्थानीय तहको वस्तुगत विवरण, योजनागत तथ्यांक, प्रगति समिक्षा र प्रतिवेदन अभिलेखीकरण सम्बन्धी कार्य,

७. अनुगमन तथा मूल्याङ्कन सम्बन्धी नीति, कानून, मापदण्ड, सूचक र कार्यक्रम तर्जुमा, एवं कार्यान्वयनमा समन्वय,

८. अनुगमन तथा मूल्याङ्कनका सूचकहरूको आधारमा कार्यक्रम र आयोजनाको नियमित अनुगमन एवं मूल्याङ्कन सम्बन्धी कार्य,

९. वार्षिक एवं चौमासिक प्रगति विवरणहरूको संकलन, विश्लेषण एवम् पृष्ठपोषण सम्वन्धी कार्य,

१०.आयोजना कार्यान्वयनमा देखिएका समस्या समाधान गर्न मन्त्रालयस्तरीय समस्या समाधान समिति सम्बन्धी कार्य,

११. वार्षिक तथा आवधिक आयोजनाहरूको अद्यावधिक अभिलेख राख्ने तथा समीक्षा गर्ने र देखिएका बाधा अड्चन फुकाउने सम्बन्धमा आवश्यक कारवाही गर्ने सम्बन्धी कार्य

१२. तथ्यांक अद्यावधिक सम्बन्धी कार्य

१३. मन्त्रालयलाई आवश्यक बिभिन्न प्रकारका तथ्याङ्कहरु व्यवस्थापन गरि आवश्यकता अनुसार उपलब्ध गराउने कार्य।

१४.जनसङख्या तथा बसाइँसराइ सम्बन्धी नीति, ऐन, नियम , योजना र कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गर्ने कार्य।

गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पोखरा, नेपाल



सचिव

१५. जनसङ्ख्या नीति निर्माण, निर्देशिका तर्जुमा र समन्वय गर्ने।

१६. जनसंख्या विषयका अध्ययन तथा अनुसन्धानका लागि बिभिन्न विश्वविधालयसंग समन्वय गर्ने।

१७. प्रजनन, जन्म,मृत्यु, विवाह र बसाईंसराय जस्ता जनसङ्ख्याका विविध पक्षहरुमा दीर्घकालीन (बाह्य/आन्तरिक), आवधिक वा वार्षिक कार्यक्रमहरु तर्जुमा कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्ने।

१८. जनसाङ्ख्यिक सूचना सामाग्रीहरुको व्यवस्थापन,प्रयोग गर्ने र आवश्यकता अनुसार अनुमान एवं प्रक्षेपण लगायतका कार्य गर्ने ।

**२. परिवार कल्याण तथा पब्लिक हेल्थ सर्भिलेन्स शाखा**

१. प्रदेशस्तरमा खोप तथा खोपजन्य सामग्री आपूर्ति तथा वितरण योजना तयार गर्ने ।

२. मातृ तथा नवशिशु स्वास्थ्य अवस्थाको विश्लेषण गरि प्रादेशिक नीति निर्माणमा प्राविधिक सहयोग गर्ने।

३. मातृ तथा नवशिशु सम्बन्धी प्राथमिकताका कार्यक्रमहरुको कार्यान्वयनका लागि समन्वय र सहजिकरण गर्ने ।

४. आकस्मीक प्रसुती सेवा तथा २४ घण्टे बर्थिङ सेन्टरको विस्तार मार्फत सेवा पहुँचमा अभिवृद्धि गर्नुका साथै गुणस्तरिय सेवा प्रदान गर्न सम्वद्ध निकायलाई आवश्यक सहयोग गर्ने कार्य,

५. गर्भवती तथा सुत्केरी अवस्थामा हुने जटिलता ब्यवस्थापनका लागि हवाई उद्धार कार्यक्रमलाई सहयोग गरि हवाई उद्धार कार्यलाई सहजिकरण गर्ने कार्य,

६. प्रदेशस्तरमा परिवार योजना सम्बन्धि नीति, रणनीति, निर्देशिका, गुणस्तर मापदण्ड तथा प्रोटोकलहरु तयार गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई सहयोग गर्ने ।

७. प्रादेशिकस्तरमा परिवार नियोजन सेवाको अवस्थाको विश्लेषण गरि नीति निर्माणमा प्राविधिक सहयोग गर्ने।

८. प्रदेशस्तरमा प्रजनन् स्वास्थ्य सम्बन्धि नीति, रणनीति, निर्देशिका, गुणस्तर मापदण्ड तथा प्राटोकलहरु तयार गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई सहयोग गर्ने ।

९. किशोर किशोरी स्वास्थ्य सम्बन्धि अध्ययन अनुसन्धान तथा कार्यक्रमहरु तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मुल्यांकनमा सहयोग गर्ने।

१०. आङ खस्ने समस्या, लैगिंक हिंसा, प्रजनन स्वास्थ्य लगायतका विषयमा अनुसन्धान, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मुल्यांकनमा सहयोग गर्ने।

११. पोषण प्रवर्धनको लागि आवश्यक समन्वय गर्ने।

१२. पोषण अवस्थाको विश्लेषण गरि प्रादेशिक नीति निर्माणमा प्राविधिक सहयोग गर्ने।

१३. पोषण सम्बन्धि कार्यक्रमहरु निर्माण तथा कार्यान्वयन गर्न सहजिकरण गर्ने।

१४. जनस्वास्थ्य सरोकारका रोगहरु जस्तै नसर्ने रोग, महामारी आदिको सर्भिलेन्स प्रणाली व्यवस्थापन गर्ने।

१५. मेडिकल रेकर्डइलेक्ट्रोनिक मेडिकल रेकर्ड र स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली व्यवस्थापन गर्ने।

१६. रेकर्डिङस्वास्थ्य तथ्यांक अद्यावधिक गर्ने ,रिपोर्टिङ्ग सम्बन्धी कार्य गर्ने ।

१७. सर्भिलेन्सका माध्यमबाट सर्ने नसर्ने रोग सम्बन्धी जनचेतना हुने गरी/Early Warning गराउने खालका बुलेटिन प्रकाशन गर्ने सूचना प्रणालीको विकास गर्ने ,।

**(ग) चिकित्सा सेवा महाशाखा**

यस महाशाखाबाट सम्पादन गरिने मुख्य मुख्य कार्यहरुमा चिकित्सा सेवा, औषधीजन्य व्यवस्थापन, आयुर्वेद तथा बैकल्पिक चिकित्सा, रोग नियन्त्रण तथा अनुसन्धान एवं इपिडिमियोलोजी तथा महामारी नियन्त्रण कार्यहरु



गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पोखरा, नेपाल

सचिव

पर्दछन। महाशाखाबाट सम्पादन हुने कार्यहरु योजनाबद्ध, व्यवस्थित र समन्वयात्मक तरिकाले सम्पादन गरी गुणस्तरिय प्रतिफल प्राप्त गर्नु महाशाखाको मुल लक्ष्य रहनेछ। यस महाशाखा अन्तर्गतका कार्यहरु तल प्रस्तुत गरिएको छ।

१. सरकारी अस्पताल, नीजि स्वास्थ्य संस्था, मेडिकल कलेज, प्रयोगशाला सेवा, रेडियोलोजी, इमेजिङ सेवा लगायतका सेवाहरु सम्वन्धी नीति, रणनीति, मापदण्ड निर्धारण तथा कार्यान्वयनको अनुगमन र मुल्याकंन गर्ने।

२. राष्ट्रिय तथा प्रादेशिक मापदण्ड अनुरुप नीजि अस्पताल, निदान केन्द्र, उपचार केन्द्र र अन्य स्वास्थ्य संस्था तथा प्रयोगशालाको दर्ता, सञ्चालन अनुमति, नविकरण र नियमन गर्ने।

३. स्वास्थ्य स्वा सम्वन्धी प्रदेश स्तरीय प्राज्ञिक, व्यवासायिक र पेशागत सघंसस्थाको दर्ता, सञ्चालन अनुमति र नियमन गर्ने।

४. स्वास्थ्य संस्थाजन्य फोहोर मैला व्यवस्थापन सम्वन्धी मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन गर्ने।

५. स्वास्थ्य निर्देशनालय, आपूर्ति केन्द्र, तालिम केन्द्र, रिफरेन्स ल्याव, सरकारी तथा नीजि अस्पताल, स्वास्थ्य संस्थाहरुको अनुगमन, मुल्याकंन र नियमन गर्ने।

६. सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रम विपन्न नागरिक उपचार)कोष, लक्षित वर्गलाई तोकिएका अस्पतालबाट प्रदान गरिने निशुल्क सेवा, कडा रोग सम्वन्धी कार्यक्रम, एकद्वार संकट व्यवस्थापन केन्द्रभावकारी ( सञ्चालन र व्यवस्थापनका लागि समन्वय, अनुगमन र मुल्याकंन गर्ने।

७. प्रदेशस्तरमा आवश्यक पर्ने स्वास्थ्य सेवाको उपचारात्मक, पुनर्स्थापनात्मक तथा प्रशासक स्वास्थ्य सेवाको व्यवस्थापन गर्ने।

८. राष्ट्रिय/अन्तरार्ट्रिय सरकारी तथा गैर सरकारी संस्थाहरुसँग समन्वय र सहकार्य गर्ने।

९. स्वास्थ्य सम्वन्धी विषयहरुमा अन्तरप्रदेश र निकायगत सहकार्य र समन्वय गर्ने ।

१०. राष्ट्रिय तथा प्रादेशिक मापदण्ड अनुरुप स्वास्थ्य सेवा सम्वन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापनमा सहयोग गर्ने ।

११. चिकित्सा सेवासँग सम्वन्धित अन्य कार्यहरु गर्ने ।

१२. संघ र स्थानीय तहसँग समन्वय गरी प्रदेश र स्थानिय तहमा भएका स्वास्थ्य संस्थामा आवश्यक औषधीको वार्षिक प्रक्षेपण,खरीद तथा व्यवस्थापन गर्ने ।

१३. औषधी निगरानी (Pharmacovigilance), औषधिको उचित प्रयोग र सूक्ष्मजीव निरोधक प्रतिरोध (Antimicrobial Resistance) न्यूनीकरणका लागि अनुगमन,नियमन र विभिन्न सचेतनामूलक कार्यकमहरू गर्ने गराउने ।

१४. राष्ट्रिय मापदण्डबमोजिम औषधीजन्य तथा स्वास्थ्य प्रविधि सम्बन्धी सामग्रीको उत्पादन तथा संचय, अधिकतम खुद्रा मूल्य निर्धारण, अन्तिम बिसर्जन, गुणस्तर तथा मापदण्ड निर्धारण र त्यस्ता सामग्री उत्पादन गर्ने उद्योगको दर्ता,सञ्चालन,अनुमति र नियमन गर्ने ।

१५. औषधी व्यवस्थापनका लागि सूचना प्रणाली व्यवस्थापन गर्ने ।

१६. औषधिजन्य व्यवस्थापनका अन्य कार्यहरु गर्ने ।

गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पोखरा, नेपाल

७१

सचिव

१७. आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवासम्बन्धी प्रदेशस्तरीय प्राज्ञिक, व्यवसायिक र पेशागत सङ्घसंस्थाहरुको दर्ता, सञ्चालन अनुमति र नियमन गर्ने ।

१८. राष्ट्रिय मापदण्डअनुरूप आयुर्वेद तथा वैकल्पिक चिकित्सा अस्पताल, पञ्चकर्म सेन्टर, नर्सिङ होम, उपचार केन्द्र, हेल्थ क्लब, स्पा आदिको दर्ता, सञ्चालन अनुमति र नियमन गर्ने ।

१९. प्रदेशस्तरमा उपलब्ध जडिबुटीहरुको पहिचान, संरक्षण, सम्बर्द्धन, प्रशोधन, आयआर्जन सम्बन्धी कार्यहरु गर्ने/गराउने ।

२०. नसर्ने रोग नियन्त्रण तथा व्यवस्थापनका लागि योगा तथा जीवन शैलिव्यवस्थापन सम्बन्धी कार्यहरु गर्ने/गराउने ।

२१. आयुर्वेद तथा वैकल्पिक चिकित्सासंग सम्वन्धीत अन्य कार्यहरु गर्ने ।

२२. कीटजन्य रोगहरू, क्षयरोग, कुष्ठरोग, एच्जन्य रोगहरू र पशुपङ्क्षीजन्य रोगहरुको एड्स तथा यौन .भी.आई. रोकथाम, नियन्त्रण, निवारणका लागि वार्षिक योजना तथा बजेट तर्जुमा गर्ने ।

२३. रोग नियन्त्रण तथा निवारणका कार्यक्रम र क्रियाकलापहरूको समन्वय, अनुगमन, सुपरिवेक्षण र मूल्याङ्कन गर्ने ।

२४. स्वास्थ्य सम्बन्धी अनुसन्धान, सर्भे, सर्भिलेन्स, अन्वेषण गर्ने गराउने ।

२५. रोग नियन्त्रण तथा निवारणका कार्यक्रमको विस्तार र गुणस्तर अभिवृद्धिका लागि स्वास्थ्य संस्था र जनशक्तिको क्षमता अभिवृद्धि गर्ने ।

२६. आवश्यकताअनुसार स्वास्थ्य संस्थाहरूमा ASV (Anti Snake Venom) र ARV (Anti Rabies Vaccine) लगायत अन्य औषधी, उपकरण उपलब्ध गराउने व्यवस्था गर्ने।

२७. रोग नियन्त्रण तथा निवारणमा सम्बद्ध राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकाय तथा सरोकारवालाहरूसँग समन्वय गरी स्रोत परिचालन तथा अनुगमन गर्ने ।

२८. रोग नियन्त्रण, निवारण र उन्मूलनको अभियानमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

२९. संघ तथा स्थानीय तहसँग समन्वय गरी महामारीजन्य रोगहरूको निगरानी (Surveillance) गर्ने ।

३०. रोग नियन्त्रण तथा अनुसन्धानसग सम्वन्धीत अन्य कार्यहरु गर्ने ।

३१. संघ तथा स्थानीय तह सँग समन्वय तथा सहकार्य गरी इपिडिमियोलोजी तथा महामारी व्यवस्थापन गर्ने ।

३२. प्रादेशिक स्वास्थ्य आपतकालीय कार्यसञ्चालन केन्द्रलाई प्रभावकारी रूपमा परिचालन गर्न सङ्घसँग समन्वय गरी आवश्यक बजेट, जनशक्ति, प्रविधि, सूचना प्रणाली, औषधी तथा अन्य सामग्रीको बफर स्टक आदिको व्यवस्था गर्ने ।

३३. महामारीजन्य रोग नियन्त्रणका लागि द्रुत प्रतिकार्य टोली परिचालन गरी व्यवस्थापन गर्ने।

३४. महामारी नियन्त्रण र प्राकृतिक प्रकोप पूर्वतयारी तथा व्यवस्थापन गतिविधिको अनुगमन, सुपरिवेक्षण गर्ने।

३५. प्राकृतिक प्रकोपपश्चात् विस्थापित समुदायमा रोग फैलिन नदिन स्थानीय तहसँग समन्वय र सहकार्य गरी प्रतिकारात्मक, उपचारात्मक र पुनर्स्थापनात्मक सेवा प्रवाहका लागि व्यवस्था गर्ने गराउने/



गण्डकी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
पोखरा, नेपाल
सचिव

३६. प्रादेशिक कन्टिन्जेन्सी योजना तयारी गर्ने र प्रत्येक स्थानीय तहमा कन्टिन्जेन्सी योजना तयारीका लागि सहजीकरण गर्ने ।

३७. इपिडिमियोलजी तथा रोग नियन्त्रणसंग सम्वन्धित अन्य कार्यहरु गर्ने ।

३८. नर्सिङ सेवा व्यवस्थापन गर्ने ।

**१. गुणस्तर, नियमन, रोग नियन्त्रण तथा नर्सिङ शाखा**

१. सरकारी अस्पताल, निजी नर्सिङ होम र अस्पताल लगायतका स्वास्थ्य ससंस्थाहरु, मेडिकल कलेज, वैकल्पिक चिकित्सा, आयुर्वेद, प्रयोगशाला, रेडीयोलोजी तथा ईमेजीङ सेवा लगायतका सेवाहरुको मापदण्ड निर्धारण तथा कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गर्ने कार्य ।

२. स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने स्वास्थ्य सेवाको प्रभावकारिता अध्ययन तथा मूल्याङ्कन गर्ने कार्य ।

३. औषधी व्यवस्था सम्बन्धी नीति तथा गुणस्तर निर्धारण गर्ने कार्य ।

४. सरकारी तथा निजी क्षेत्रबाट प्रवाहित स्वास्थ्य सम्बन्धी सेवाहरुको गुणस्तर निर्धारण, गुणस्तर नियमन गर्ने कार्य ।

५. मापन मापदण्ड निर्धारण गरी सो को कार्यान्वियन भए नभएको लेखाजोखा गर्ने कार्य।

६. स्वास्थ्य संस्था स्थापना सञ्चालन तथा स्तरोन्नती मापदण्ड सम्बन्धी निर्देशिका तयार गर्ने कार्य

७. औषधि व्यवस्था विभाग र अन्तर्गतको नीतिगत विषय तथा चिकित्सा सम्बन्धी नीति,कार्यविधि, मापदण्ड तयार पार्ने कार्य

८. स्वास्थ्य संस्थाहरुबाट प्रदान गर्ने सेवाको गुणस्तर मापन गर्ने कार्य।

९. अस्पतालबाट न्यूनतम सेवा मापदण्डको पालना गरि स्थास्थ्य सेवा प्रदान गर्ने व्यवस्था मिलाउने र सोको नियमन गर्ने कार्य।

१०. अस्पताल सेवा सञ्चालन सम्बन्धी मापदण्ड निर्धारण तथा कार्यान्वियनको व्यवस्था गर्ने ।

११. मन्त्रालय र अन्तर्गतका अस्पताल लगायतका निकायमा प्रयोगमा आउने भौतिक सामाग्रीहरुको मापदण्ड निर्धारण तथा कार्यान्वियन मार्गदर्शन सम्बन्धि कार्य गर्ने ।

१२. मन्त्रालय र अन्तर्गत सरकारी, गैरसरकारी, अर्धसरकारी तथा समितिहरुबाट सञ्चालित कार्यक्रमहरुको सामयिक निरीक्षण गर्ने ।

१३. अस्पतालको मेशिनरी औजार तथा भौतिक व्यवस्था सम्बन्धमा आवश्यक मापदण्ड निर्धारण र नियमन गर्ने ।

१४. अन्तराष्ट्रिय स्वास्थ्य नियमन )International Health Regulation ) सम्बन्धि कार्य गर्ने ।

१५. नर्सिङ सेवाको गुणस्तर कायम गर्नका लागि मापदण्ड तथा प्रोटोकल निर्धारण र नियमन गर्न सहजीकरण गर्ने

१६. गुणस्तरीय र दक्ष नर्सिङ जनशक्तिको उत्पादन तथा परिचालन गर्न आवश्यक नीति,ऐन,नियम,कानून, मापदण्ड, निर्देशिका जारी गर्न सहजीकरण गर्ने



गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पोखरा, नेपाल

सचिव

१७. बैकल्पिक चिकित्सा क्षेत्रमा कार्यरत नर्सिङ सेवाको गुणस्तर मापदण्ड निर्धारण गरि क्षमता अभिवृद्धि गर्ने
१८. विशिष्टीकृत नर्सिङ सेवासम्बन्धि नीति,नियम,मापदण्ड निर्धारणका लागि समन्वय तथा सहजीकरण गर्ने
१९. स्वास्थ्य सेवा सम्बन्धी नीति,रणनीति तथा मापदण्ड निर्धारण गर्न सहयोग गर्ने ।
२०. जनरल तथा विशिष्टीकृत नर्सिङ शिक्षा र सेवाको गुणस्तर अभिवृद्धि गर्न अध्ययन अनुसन्धान मुलक कार्य गर्ने ।
२१. सामुदायीक नर्सिङ तथा मिडवाईफ्री शिक्षा र सेवाको गुणस्तर अविबृद्धि गर्न अध्ययन अनुसन्धानमुलक कार्यमा सहजीकरण गर्ने ।
२२. समुदायीक नर्सिङ सेवाको विकास र प्रबर्धनका लागि आवश्यक समन्वय तथा सहजीकरण गर्ने।

**२. आयुर्वेद तथा बैकल्पिक चिकित्सा शाखा**

१. जडिबुटि संरक्षण, सवंर्धन, प्रवधन र गुणस्तरीय आयुर्वेद औषधी उत्पादन र नियमनका लागि नीति तर्जुमाका लागि सम्बन्धित निकायहरुसंग समन्वय गर्ने ।
२. आयूर्वेद सम्वन्धि सञ्चालित कार्यक्रमहरुको योजना तर्जुमा समन्वय र सहयोग गर्ने ।
३. आयूर्वेद तथा वैकल्पिक चिकित्सा सेवा प्रवाह गर्ने संस्थाहरुको तथ्यांक अध्यावधिक गर्ने
४. आयुर्वेद चिकित्सा सेवा सुदृढिकरण सम्वन्धि कानून नीति मार्गदर्शन गुणस्तर तथा मापदण्ड निर्माण गर्न सहयोग गर्ने कार्य ।
५. निजि तथा गैह्र सरकारी आयुर्वेद स्वास्थ्य संस्थाहरुको सञ्चालन स्विकृति सम्वन्धि नीति निर्देशिका मापदण्ड तयार गर्ने र सोहि बमोजिम स्विकृति प्रदान गर्ने कार्य ।
६. आयुर्वेद अस्पताल फार्मेसि सेवा सञ्चालन सम्वन्धी मापदण्ड निर्धारण तथा कार्यान्वयनमा सहजिकरण गर्ने कार्य ।
७. सरकारी तथा निजी संसहरुबाट संचालित आयुर्वेद तथा वैकल्पिक स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवाको प्रभावकारीताको अनुगमन तथा निरिक्षण तथा आवश्यक मागदर्शन।

**(ग) स्वास्थ्य शिक्षा तथा सूचना महाशाखाः**

यस महाशाखाबाट सम्पादन गरिने मुख्य कार्यहरुमा स्वास्थ्य शिक्षा तथा सूचनासँग सम्वन्धित कार्यहरु पर्दछन । आफनो महाशाखाबाट सम्पादन हुने कार्यहरु योजनाबद्ध, व्यवस्थित र समन्वयात्मक तरिकाले सम्पादन गरी गुणस्तरिय प्रतिफल प्राप्त गर्नु महाशाखाको मुल लक्ष्य रहन्छ । यस महाशाखा अन्तर्गतका कार्यहरु तल प्रस्तुत गरिएको छ ।

१. खोप, पोषण, नवशिशु तथा बालरोगको एकीकृत व्यवस्थापन, सुरक्षित मातृत्व, परिवार नियोजन, गाउँघर क्लिनिक, महिला स्वास्थ्य स्वयंसेविका आदी क्षेत्रमा स्वास्थ्य शिक्षासँग सम्वन्धित प्रचार प्रसार तथा स्वास्थ्य सम्वन्धी सूचना व्यवस्थापन गर्ने ।
२. राष्ट्रिय नीति तथा रणनीति बमोजिम स्वास्थ्य शिक्षासँग सम्वन्धित कार्यक्रमहरु प्रदेश तथा स्थानीयस्तरमा कार्यान्वयन गर्न सहजिकरण गर्ने ।



गण्डकी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
पोखरा, नेपाल
सचिव

३. राष्ट्रिय मापदण्ड बमोजिम प्रदेशस्तरमा स्वास्थ्य सूचना सम्वन्धी नीति, नियम, निर्देशिका, मापदण्ड तथा प्रोटोकलहरु निर्माण गर्ने । एकीकृत सूचना प्रणालीको स्थापना र सञ्चालन गर्ने ।

४. स्वास्थ्य शिक्षा सामाग्री विकास तथा वितरण सम्वन्धी प्रादेशिक नीति, रणनीति, निर्देशिका, मापदण्ड प्रोटोकलहरु तयार गर्ने ।

५. प्रादेशिक मापदण्ड बमोजिम स्वास्थ्य शिक्षा सम्वन्धी तालिम सञ्चालन गर्ने निकायहरुको प्रत्यायन तथा नियमन सम्वन्धी कार्यहरु एवं गुणस्तर निर्धारण सम्वन्धी कार्यहरु गर्ने ।

६. नसर्ने रोगको वृद्धिदर घटाउनमा लागि स्वस्थकर आहारविहार, तनावबाट मुक्ति तथा स्वस्थकर जीवनशैली अपनाउन स्वास्थ्य शिक्षाको माध्यमबाट प्रेरित गर्ने कार्यक्रमहरुको निर्माण तथा कार्यान्वयन गर्ने ।

७. प्रदेश स्तरको स्वास्थ्य सम्बन्धी तालिमको नीति, निर्देशिका निर्माण गर्ने ।

८. प्रदेश स्तरमा तालीमको आवश्यकता पहिचान गर्ने र तालिम पाठ्यक्रमको विकास गर्ने

९. स्वास्थ्य शिक्षासँग सम्वन्धित अन्य कार्यहरु गर्ने ।

**१. स्वास्थ्य प्रवर्धन तथा सूचना शाखा**

१. स्वास्थ्य प्रवर्धन तथा स्थास्थ्य संचार सम्बन्धि कार्यहरु सञ्चालनका लागि सहजिकरण गर्ने कार्य ।

२. व्यवहार परिवर्तन संचारको लगि संबद्ध निकायसँगको समन्वयमा कार्यक्रम सञ्चालनका लागि सहजिकरण गर्ने कार्य ।

३. स्वास्थ्य सम्वन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय दिवसहरु मनाउने कार्य ।

४. स्वास्थ्य सम्वन्धी सूचना संकलन, संग्रह, अभिलेख र प्रकाशन सम्बन्धी कार्य ।

५. स्थानिय तहले अपनाएका स्वास्थ्य सम्वन्धी सफल कार्यक्रमको प्रचार प्रसार गरि अन्यलाई समेत त्यस्ता कार्यको अवलम्वन गर्न उत्प्रेरित गर्ने कार्य ।

६. नेपाल सरकार र स्थानिय तहसंग समन्वय गरी स्वास्थ्य प्रवर्धन सम्वन्धी बिभिन्न कार्यक्रमहरु सञ्चालन गर्न समन्वय गर्ने कार्य ।

गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पोखरा, नेपाल

सचिव

## ४. सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय (स्वास्थ्य तर्फ)मा रहेका पदाधिकारी तथा कर्मचारी संख्या

| सि. नं. | कर्मचारी/पदाधिकारीको नाम,थर | पद/तह/श्रेणी | महाशाखा/शाखा |
|---|---|---|---|
| १ | माननीय सुशिला सिंखडा | मन्त्री | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |
| २ | डा.विनोद विन्दु शर्मा | सचिव | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |
| ३ | उदय बहादुर पराजुली | उपसचिव | प्रशासन महाशाखा |
| ४ | सुरज गुरौ | जनस्वास्थ्य प्रशासक | नीति योजना तथा जनस्वास्थ्य महाशाखा |
| ५ | डा. रमेश कुमार के.सी. | स्वास्थ्य प्रशासक | चिकित्सा सेवा महाशाखा |
| ६ | डा. नारायण श्रेष्ठ | आयुर्वेद चिकित्सक | आयुर्वेद तथा बैकल्पिक चिकित्सा शाखा |
| ७ | प्रशान्त राज शर्मा | ब. स्वा. शि.अधिकृत | स्वास्थ्य प्रवर्धन तथा सूचना शाखा |
| ९ | ईन्द्रकमल सिग्देल | लेखा अधिकृत | आर्थिक प्रशासन शाखा |
| १२ | ऋषीराम पौडेल | तथ्याङ्क अधिकृत | योजना,समन्वय तथा जनस्वास्थ्य शाखा |
| | खुमा देवी रेग्मी | शाखा अधिकृत | प्रशासन शाखा |
| १३ | अनुराधा तिमिल्सिना | कम्यु. नर्सिङ अधिकृत | परिवार कल्याण तथा पब्लिक हेल्थ सर्भिलेन्स शाखा |
| १४ | साजन बराल | फार्मेसी अधिकृत | गुणस्तर,नियमन,रोग नियन्त्रण तथा नर्सिङ शाखा |
| १६ | बाबुराम बिश्वकर्मा | जनस्वास्थ्य अधिकृत | परिवार कल्याण तथा पब्लिक हेल्थ सर्भिलेन्स शाखा |
| १७ | प्रकाश बराल | कम्प्यूटर अधिकृत | प्रशासन शाखा |
| १९ | बुद्धिसागर अधिकारी | मेडिकल रेकर्डर सुपरभाईजर | परिवार कल्याण तथा पब्लिक हेल्थ सर्भिलेन्स शाखा |
| २१ | भगवान थापा | हलुका सवारी चालक | प्रशासन शाखा |
| २२ | तिल बहादुर गुरुङ | हलुका सवारी चालक | प्रशासन शाखा |
| २३ | गणेश थापा | हलुका सवारी चालक | प्रशासन शाखा |
| २४ | सन्तोष गुरुङ | हलुका सवारी चालक | प्रशासन शाखा |
| २५ | मन कुमारी पौडेल | कार्यालय सहयोगी | प्रशासन शाखा |
| २६ | दलिमा घर्ति पुन | कार्यालय सहयोगी | प्रशासन शाखा |
| २७ | बैकुण्ठ भण्डारी | कार्यालय सहयोगी | प्रशासन शाखा |
| २८ | बिष्णु प्रसाद दवाडी | कार्यालय सहयोगी | प्रशासन शाखा |
| २९ | लक्ष्मी पौडेल | कार्यालय सहयोगी | प्रशासन शाखा |

**५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :**

मन्त्रालयका महाशाखाहरुका जिम्मेवार कर्मचारीहरुको विवरण निम्न बमोजिम रहेको छ ।

| **सि. नं.** | **महाशाखा** | **महाशाखा प्रमुख** | **कैफियत** |
|---|---|---|---|
| १ | प्रशासन महाशाखा | उपसचिव | उदय बहादुर पराजुली |
| २ | नीति,योजना, जनस्वास्थ्य तथा जनसंख्या महाशाखा | ज.स्वा.प्र. | सुरज गुरौ |
| ३ | चिकित्सा सेवा महाशाखा | स्वा.प्र. | डा.रमेश कुमार के.सी. |
| ४ | स्वास्थ्य शिक्षा तथा सूचना महाशाखा | रिक्त | प्रशान्त राज शर्मा (हाललाई जिम्मेवारी तोकिएको) |

**६. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि**

सेवाको प्रकृति नागरिक वडापत्रमा तोकिए अनुसार हुनेछ ।

**७. निर्णय प्रकृया र अधिकार**

| **सि. नं.** | **बिवरण** | **निर्णयकर्ता** | **कैफियत** |
|---|---|---|---|
| १ | महाशाखागत कार्य | महाशाखा प्रमुख | |
| २ | मन्त्रालयको समग्र प्रशासनिक बिषय | प्रदेश सचिव | |
| ३ | नीतिगत निर्णय | माननीय मन्त्री | |

**८. निर्णय उपर उजुरी सुन्ने अधिकारी**

**नाम :** डा. विनोद विन्दु शर्मा

**पद :** प्रदेश सचिव

**९. सूचना अधिकारी र प्रमुखको नाम र पद**

**प्रमुख :** डा. विनोद विन्दु शर्मा

**पद :** प्रदेश सचिव

**सूचना अधिकारी :** प्रशान्त राज शर्मा

**पद :** बरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत (आठौ)

## १०.ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

क) जोखिममा रहेका गर्भवती तथा सुत्केरीको हवाई उद्धार कार्यविधि २०७९

## ११. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्वन्धी अद्यावधिक विवरण

**आ.व. २०८०/०८१ को प्रथम त्रैमासिकको प्रदेश समानिकरण तर्फको प्रगति विवरणः [रकम रु. हजारमा]**

| बजेट उपशीर्षक | चालु | | | पूँजिगत | | | कुल जम्मा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | बजेट | खर्च | खर्च % | बजेट | खर्च | खर्च % | बजेट | खर्च | खर्च % | भौतिक % |
| सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय | १८९९०१.०० | ९०९१.०० | ४.७९ | ३५०३०.०० | २४५.०० | ०.७० | २२४९३१.०० | ९३३६.०० | ४.१५ | ७.४७ |
| स्वास्थ्य निर्देशनालय | ४१२२५.०० | ७७९१.०० | १८.९० | १५००.०० | ०.०० | ०.०० | ४२७२५.०० | ७७९१.०० | १८.२४ | ३२.८२ |
| स्वास्थ्य तालिम केन्द्र | ४९२५१.०० | ७७८९.०० | १५.८१ | ६०००.०० | ०.०० | ०.०० | ५५२५१.०० | ७७८९.०० | १४.१० | २५.३८ |
| स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र | १३९९६३.०० | ५१५६.०० | ३.६८ | ७५७००.०० | ०.०० | ०.०० | २१५६६३.०० | ५१५६.०० | २.३९ | ४.३० |
| जनस्वास्थ्य प्रयोगशाला | ३७८०३.०० | ४७७५.०० | १२.६३ | ८५००.०० | १३३.०० | १.५६ | ४६३०३.०० | ४९०८.०० | १०.६० | १९.०८ |
| संक्रामक तथा सरुवा रोग अस्पताल | ८३७३२.०० | १००९३.०० | १२.०५ | ५२०००.०० | १६४.०० | ०.३२ | १३५७३२.०० | १०२५७.०० | ७.५६ | १३.६० |
| क्षयरोग उपचार केन्द्र | ३८७२१.०० | ५५०६.०० | १४.२२ | १२५०.०० | ०.०० | ०.०० | ३९९७१.०० | ५५०६.०० | १३.७७ | २४.७९ |
| अस्पतालहरु | ६७०८६४.०० | १०१८१०.०० | १५.१८ | १७८०१५.०० | ३१४५.०० | १.७७ | ८४८८७९.०० | १०४९५५.०० | १२.३६ | २२.२६ |
| स्वास्थ्य कार्यालयहरु | २७५६५५.०० | ३४३९२.०० | १२.४८ | ३६०००.०० | १६५५.०० | ४.६० | ३११६५५.०० | ३६०४७.०० | ११.५७ | २०.८२ |
| आयुर्वेद स्वास्थ्य केन्द्रहरु | १२४७४१.०० | १७११८.०० | १३.७२ | १७२५०.०० | २६६४.०० | १५.४४ | १४१९९१.०० | १९७८२.०० | १३.९३ | २५.०८ |
| जम्मा | १६५१८५६.०० | २०३५२१.०० | १२.३२ | ४११२४५.०० | ८००६.०० | १.९५ | २०६३१०१.०० | २११५२७.०० | १०.२५ | १९.५६ |

**आ.व. २०८०/०८१ को प्रथम त्रैमासिकको संघ सशर्त अनुदान तर्फको प्रगति विवरणः [रकम रु. हजारमा]**

| बजेट उपशीर्षक | खुद बजेट | खर्च | प्रगति | |
|---|---|---|---|---|
| | | | वित्तीय % | भौतिक % |
| आयुर्वेद सेवा कार्यक्रम [संघ शसर्त अनुदान] | ३३०००.०० | ४६८४.०० | १४.१९ | २५.५५ |
| एड्स तथा यौन रोग नियन्त्रण [संघ शसर्त अनुदान] | १६२००.०० | ३१४.०० | १.९४ | ३.४९ |
| नर्सिङ तथा सामाजकि सुरक्षा सेवा कर्यक्रम [संघ शसर्त अनुदान] | ५२५००.०० | ३८५६.०० | ७.३४ | १३.२२ |
| उपचारात्मक सेवा कार्यक्रम [संघ शसर्त अनुदान] | ४५४००.०० | २८१७.०० | ६.२० | ११.१७ |
| महामारी रोग नियन्त्रण कार्यक्रम [संघ शसर्त अनुदान] | ४०४००.०० | १३३५.०० | ३.३० | ५.९५ |
| परिवार कल्याण कार्यक्रम [संघ शसर्त अनुदान] [चालु] | ४०२५००.०० | ३७६६०.०० | ९.३६ | १६.८४ |
| परिवार कल्याण कार्यक्रम [संघ शसर्त अनुदान] [पूँजिगत] | ३४००.०० | ०.०० | ०.०० | ०.०० |
| क्षयरोग नियन्त्रण [संघ शसर्त अनुदान] | १७२००.०० | २२९८.०० | १३.३६ | २४.०५ |
| राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र [संघ शसर्त अनुदान] | ७५००.०० | ९२.०० | १.२३ | २.२१ |
| अपाङ्गता रोकथाम तथा कुष्ठरोग नियन्त्रण कार्यक्रम [संघ शसर्त अनुदान] | ८६००.०० | १४५.०० | १.६९ | ३.०३ |
| जम्मा | ६२६७००.०० | ५३२०१.०० | ८.४९ | १०.५५ |

१२.**तोकिए बमोजिमका अन्य विवरण** – नरहेको

**अघिल्लो आर्थिक बर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालनको विवरण** – नभएको

१३.**सार्वजनिक निकायको वेवसाईट भए सोको विवरण** – mohp.gandaki.gov.np

**१४.सार्वजनिक निकायले बर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना**

- मन्त्रालयले सूचनाको बर्गिकरण नगरेको ।

**१५.सार्वजनिक निकायमा परेका सूचना माग सम्वन्धी निवेदन र सूचना उपलब्ध गराएको**

| **सूचना मागको निवेदन संख्या** | **सूचना उपलब्ध गराईएको संख्या** | **कैफियत** |
|---|---|---|
| ० | ० | २०८० श्रावण देखि २०८० असोज सम्म |

१६.सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरण मन्त्रालयका सूचनाहरु मन्त्रालयको सूचना पाटी, स्थानिय देखि राष्ट्रिय पत्रपत्रिकाहरु र मन्त्रालयको वेवसाईट mohp.gov.np मा समेत प्रकाशन गर्ने गरिएको छ ।